# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# गाल्जे, कालिकोटको
# चौथो नगर सभामा प्रस्तुत आगामी आर्थिक बर्ष २०७५/०७६को

## वार्षिक प्रस्तावित नीति, कार्यक्रम तथा वजेट बक्तव्य

प्रमुख अतिथि ज्यू,

विशिष्ट अतिथि ज्यूहरु,
राजनीतिक दलका केन्द्रीय समितिका सदस्यज्यूहरु,
जिल्ला स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यू हरु
भू.पू जनप्रतिनिधिहरु (साँसद,जि.वि.स सभापति, जि.वि.स.सदस्य, गा.वि.स अध्यक्ष)
नगर स्थित राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु ,
नगरपालिकाका विषयगत समितिका संयोजक ज्यूहरु
तिलागुफा नगर विकास समितिका अध्यक्षश्री महेन्द्रबहादुर शाही ज्यू,
सम्पूर्ण नगर कार्यपालिकाका पदाधिकारी ज्यूहरु ,
सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु
जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
नगर स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
गै.स.स.का प्रमुख एवं प्रतिनिधि ज्यूहरु ,
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं प्रधानाध्यापक ज्यूहरु ,
यस नगरपालिकाका सम्पूर्ण बजार व्यवस्थापन समितिका अध्यक्ष एवं प्रतिनिधि ज्यूहरु ,
सम्पूर्ण नगरस्थित सामाजिक संजालका प्रमुख एवं प्रतिनिधि ज्यू,
पत्रकार बन्धुहरु,/सुरक्षाकर्मी
यस नगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु

साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी आगामी आर्थिक बर्ष २०७५/०७६ को वार्षिक नीति, कार्यक्रम तथा वजेट सार्वजनिकीकरण समारोहमा पाल्नु भएका सवै पेशा, वर्ग सेवामा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा सर्वप्रथम त म तिलागुफा नगरपालिका, गाल्जे कालिकोटको तर्फवाट हार्दिक स्वागत गर्दछु । साथै देशमा प्रजातान्त्रिक आन्दोलन २०४७, १० वर्षे जनयुद्ध र २०६२।०६३ को १९ दिने जनआन्दोलन लगायतका विभिन्न महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

यस गरिमामय नगर सभामातिलागुफा नगरपालिकाको तर्फवाट समग्र नगर विकासका लागि मार्गदर्शनको रुपमा रहने आगामी आ.व. २०७५/०७६ को वार्षिक नीति, कार्यक्रम एवं वजेटको वारेमा जानकारी गराउन पाउँदा आफुलाई गौरवान्वित ठानेको छु । यस अवसरमा हाम्रो अभियानमा हरदम सहयोग प्रदान गर्नुहुने यस जिल्लाका माननीय सांसदज्यूहरु, पूर्व सभासदज्यूहरु, नगर स्थित राजनीतिक दलहरु तथा विकास अभियन्ताका रुपमा रहेका कार्यालय, संघ संस्था, विकास साझेदारहरु रनगरवासी आदरणीय दाजुभाई तथा दिदी वहिनीहरु लगायत सम्पूर्ण निकायहरु प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु ।

नेपालको दुर्गम क्षेत्र कर्णाली प्रदेश अन्तर्गत कालीकोट जिल्लाको पश्चिमतर्फ अवस्थित तिलागुफा नगरपालिका जिल्लाको एक आर्थिक, सामाजिक, मानवीय एवं पूर्वाधार विकासको हिसावले पछाडी परेको नगर हो भने अर्का तर्फ भौगोलिक विविधताका कारण सवै हावापानीमा पाईने फलफूल, अन्न, पशुपंक्षि, वनस्पति लगायत बहुमूल्य जडीवुटी समेत पाईने हुँदा यहाँ विकासका असिमित सम्भावनाहरु लुकेर वसेको पाईन्छ । यी संभावनाहरुको सुव्यवस्थित उपयोगद्वारा कालीकोटको दीगो र एकीकृत विकास गरी यहाँका वासिन्दाहरुको जीवनमा सकारात्मक परितर्वन ल्याउन सफल हुने चौथो नगर सभाले विश्वास लिइएको छ । स्थानीय तहलाई संविधानले निर्दिष्ट गरे बमोजिम निर्वाचित जनप्रतिनिधिहरु निर्वाचित भईसकेको परिस्थितिमा पनि जनप्रतिनिधि विहिन रहेको २०५४ साल देखि विगत २०७४ बैशाख सम्मको तत्कालीन स्थानीय निकायहरुले सम्पादन गर्नुपर्ने काम कारवाहीहरुको तुलनामा केही सुधार देखिएता पनि यस नगरपालिकाको विविधि समस्या तथा चुनौतीहरुको सामना गर्नु पर्ने भएको विशेष परिस्थितिलाई मध्यनगर गर्दै राजनैतिक

समझदारी, सहमति,र विकास प्रति जनताको नयाँ उत्साह र चासो तथा राष्ट्रसेवक कर्मचारीहरुको लगनशिलता, नागरिक समाज, निजी क्षेत्र, गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुवाट विकास प्रक्रियामा भएको निरन्तर सहयोगले हाम्रो मनोवल सदा उचो राखेको छ ।

**आदरणीय अतिथि महानुभावहरु,**

**आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा लिएका आधारहरु ।**

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु ।
२. स्थानीयसरकार संचालन ऐन २०७४ मा भएका व्यवस्थाहरु
३. नगरपालिकाको प्रशासकीय कार्य नियमित गर्ने ऐन २०७४मा भएका व्यवस्थाहरु
४. दिगो विकासका लक्ष्य (Sustainable Development Goal)ले निर्धारण गरेका प्रमुख लक्ष्य तथा क्षेत्रहरु ।
५. राष्ट्रिय योजना आयोगद्वारा प्राप्त कार्यक्रम तथा वजेट तर्जुमा सम्वन्धी मार्गदर्शन ।
६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालयका मार्ग दर्शन एवं परिपत्र
७. प्रथम नगर सभाले निर्दिष्ट गरेका मार्गदर्शन सिद्धान्त र प्राथमिकताहरु,
८. वस्ती, वडा स्तरीय योजना तर्जुमा गोष्ठी,एकीकृत योजना तर्जुमा, नगर कार्यपालिकाको वैठक हुदै सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त भएका माग, योजना तथा सुझावहरु ।

**वजेटका आधारभूत सोच :**

जल, जंगल, खानी, उद्योग, पर्यटन, विद्युतिकरण, आय आर्यजन, शिक्षाको विकास, कृषिमा आधुनिकीकरण, भौतिक पूर्वाधारको विकास र स्वरोजगारमूलक कार्यक्रमलाई संगसंगै लैजाने र यस नगरपालिका सम्पूर्ण वर्डाहरुमा सडक संजालमा जोड्दै कृषि क्षेत्रमा व्यवसायिकरण, बजारीकरण तथा यान्त्रिकीरणलाई प्रोत्साहित गर्दै दीगो आर्थिक वृद्धि हासिल गरी जनताको जीवनस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

**आगामी आर्थिक वर्षका लागि वजेटका प्रमुख उद्देश्यहरु :**

१. रोजगारी तथा आर्थिक वृद्धिका लागि स्वरोजगारमूलक कार्यक्रम मार्फत आत्मनिर्भर वनाउने तर्फ विशेष पहल गर्ने ।
२. भौतिक पूर्वाधार र जलविद्युतको विकासद्वारा दीगो र फराकीलो आर्थिक बृद्धि हासिल गरी गरिवी न्यूनिकरणमा जोड दिने ।
३. आर्थिक श्रोत अभिवृद्धि गर्दै आत्मनिर्भरता वढाउने तर्फ विशेष पहल गर्ने ।
४. जेष्ठ नागरिक, महिला, दलित, आदिवासी जनजाति, फरक क्षमता भएका ब्याक्ति, पिछडिएको वर्ग तथा क्षेत्रको विकासमा जोड दिई समावेशी र दीगो विकासको अवधारणा आत्मसात गर्ने ।
५. पर्यटकीय गन्तव्यको पहिचान तथा विकास गरी पर्यटन प्रर्वधनमा जोड दिने ।
६. आ.व. ०७५।०७६ मा यस नगरपालिकाका वडा नं १ देखि ३ र वडा नं ८ मा विद्युतिकरण कार्य थालनी गर्ने ,
७. ढिम्नीया कत्मपुर हुँदै महावु दैलेख सडक संजाल विस्तार गर्ने,
८. नगरका ठूला सडकहरुको मर्मत सम्भारमा निरन्तरता दिने,
९. नगरका क्रमागत योजनाहरुलाई निरन्तरता दिने,
१०. नगर भित्रका सम्पूर्ण विद्यालयहरुमा गुणस्तर शिक्षा कायम गर्ने,
११ विगतका नगर सभा र नगर कार्यपालिकाले गरेका नितिगत निर्णयहरुलाई कार्यान्वयन गर्ने गराउने,
१२. सूचना प्रविधि मैत्री नगरको स्तर उन्नति गर्ने
१३. शिक्षा, स्वास्थ्य र रोजगारका अवसरहरुमा आधुनिकरण गराउने,

## वजेटका प्राथमिकताहरु :

उल्लेखित उद्देश्य परिपूर्तिका लागि वजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

१. लक्षित वर्गलाई आत्मनिर्भर वनाउन उनीहरुमा उद्यमशिलताको विकास गर्ने ।
२. स्वरोजगारमुखी र समावेशी आर्थिक विकासमा जोड दिने ।
३. जलविद्युत तथा स्थानीय सडक निर्माणलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्दै जाने ।
४. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणमा जोड दिने ।
५. पर्यटन प्रवर्द्धनको माध्यमद्वारा आर्थिक विकासमा जोड दिने ।
६. संचालित आयोजनाहरुको एकीकृत र सघन अनुगमन प्रणाली मार्फत प्रभावकारिता र गुणस्तरमा अभिवृद्धि गर्ने ।
७. स्थानीय सुशासन प्रवर्द्धनमा जोड दिने ।

## चालु आ.व. ०७४।०७५ का प्रमुख उपलब्धीहरु :

१. नगरका ११ वटा वडाहरु मध्ये १० वटा वडाहरुमा सडकसँग जोडी सकिएको र वडा नं २ को नगर विकास गुरुयोजना बमोजिम सो वडामा सडक संन्जाल जोड्न आवश्यक प्रकृया अगाडी बढाइएको ,
२. नगर सडक गुरु योजना निर्माण कार्य थालनी गरिएको,
३. कृर्षि तथा पशु विकासमा उल्लेखनिय कार्य संचालन गरी साना तथा मझौला कृषि व्यवसायहरुमा रचनात्मक सुधार आई आर्थिक उन्नति तिर समुदाय उन्मूख रहेको ,
४. यस नगरका जनसमुदायहरुको स्वास्थ्य अवस्थालाई मध्यनगर गर्दे नगर स्तरीय विषय विशेषज्ञ डाक्टरबाट स्वास्थ्य शिविर संचालन गरी करीब २५००। जनताहरु लाभान्वित भएको,
५. यस नगरको वडा नं ६ को नमूना वडा कार्यालय भवन दातृ निकाय सामुदायिक विकास कार्यक्रम आर आर एन सँग समन्वय गरी निर्माणकार्य थालनी गरिएको,
६. यस नगरका फोइमहादेव, ओखरभिट्टा र रुडुमा गर्भवती महिलाहरुको स्वास्थ्यमा सहज पहूँच पुयाउनको लागि वर्थिंग सेन्टर निर्माण गरिएको ।
७. नगरका ११ वटा वडाहरुमा खानेपानी तथा सरसफाई स्वचछता समिति गठन गरी पूर्ण सरसफाई वडा घोषणाको आवश्यकीय तयारी भई राखेको ।
८. सडक वोर्डबाट प्राप्त रु २५,००,०००। (पच्चीस लाख बाट)यस नगरका ठूला ग्रामीण सडकको मर्मत सम्भार तथा स्तर उन्नतिको कार्य भइरहेको
९. संविधानले दिइएको अधिकार बमोजिम २१ वटा कानूनहरुको निर्माण कार्य सम्पन्न भई कार्यान्वयनमा ल्याइएको,
१०. नगर स्तरका सामुदायिक विद्यालयहरुको परीक्षा प्रणाली लगायत अन्य प्रशासनिक कार्यमा एकरुपता ल्याउन प्रयास थालनी गरिएको ।
११. नगर कार्य पालिकाको मुस्कान सहितको सेवा प्रवाह गर्न आवश्यक प्रकृयाको गृहकार्य भईरहेको,
१२. नगरका वडा नं २,३,५,६,१० लगायतका केही वडाहरुमा भित्रि ग्रामीण पदमार्ग पि.सि.सि. आरसीसी गरी करीब २५ किलोमिटर निर्माण कार्य सम्पन्न गरिएको ।
१३. यस नगर पालिकाका वडा नं ३,७,९,१० मा एक घर एक धारो भन्ने वृहत अभियान सम्पन्न गर्न १० वटा खानेपानी तथा सरसफाईका आयोजना सम्पन्न गरी जम्मा १४१ धाराबाट करिब १५००घरधुरीकोखानेपानीमा सहज पहूँज पुगेको अवस्था ।
१४. नगर स्थित छाप्रे, ठिन्के, रुडु पिपलगौंडा वालीचौर नारुपानी भैसीगौंडा र ओखरभिट्टा अन्तर्गत विभिन्न स्थानीय ग्रामीण सडक निर्माण कार्य सम्पन्न गरी करिब ५० कि.मि सडक खन्ने कार्य सम्पन्न भई नगरपालिकाका ९० प्रतिशत घरधुरीले प्रत्यक्ष यातायातको साधन स्रोतमा आफ्नो पहूँच कायमा गर्न सफल भएका छन् ।
१५. नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम आम नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सबैका लागि भन्ने संवैधानिक व्यवस्था अनुरुप नगरका ११ वटै वडामा स्वास्थ्य सेवा ईकाई राख्ने योजना बमोजिम आ.व. ०७४।०७५ ९ ओटा वडाका विभिन्न स्थानमा सो कार्य सम्पन्न भईसकेको र वाँकी २ ओटा वडा ५ र ११ वडामा सो कार्य व्यवस्थित गर्न आ.व. ०७५।०७६ मा लक्ष्य लिइएको ।

**श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु एवं अन्य अतिथिज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०७५/०७६ का लागि तय गरिएका मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## पूर्वाधार विकास तर्फ :

**( सडक तथा पुल,सिंचाई, भवन तथा सहरी विकास, संचार, उर्जा, लघु तथा साना जलविद्युत वैलल्पिक उर्जा समेत , भवन तथा सहरी )**

१. नगरका ११ वटा वडाहरुमा विद्युतको पहूँच पुऱ्याउन हाल संचालित बञ्चुगाड जलविद्युत , नाग्मघाट जलविद्युत, ढाँडखोला,मुझ्उ जलविद्युत र रताडा जलविद्युतको आयोजनाको क्षमता विकास, निर्माण र मर्मत सम्भार गरी राष्ट्रिय प्रशारण लाईनसँग जोड्न नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयसँग नितिगत पहल गरिने छ ।
२. नगरमासम्पन्न हुने विकास निर्माणका कार्यक्रममा प्रभावकारीता ल्याउन भौतिक पूर्वाधारका काम गर्ने सवै निकायहरु बीच समन्वय गरी दोहोरोपन हटाउन आवश्यक समन्वय गरी निमार्ण कार्य अगाडी वढाईने छ ।
३. यस नगरका १० वटा वडा कार्यालय भवनहरु निर्माण हुन वाँकी रहेकाले सोको निर्माणका लागि आवश्यक पहल गरिने छ ।
४. नगर स्तरीय सडकगुरुयोजना (MTMP)निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
५. राष्ट्रिय राजमार्गसँग प्रत्यक्ष सरोकार राख्ने दैलेख महावु, चिलखाया गाल्जे, घुनखाया हुँदै रताडा नाग्मा जोड्ने सडक अन्तर्गत तिला नदीको रताडा र गाल्जको पुल्ती खोलामा पक्की पुल निर्माण गर्न प्रदेश सरकारलाई अनुरोध गरिनेछ ।
६. यस नगरपालिकाका भित्रि सडकहरुमा पर्ने खोला नालाहरुमा सम्भावना हेरी काठे, झोलुंगे, वेलीवृज लगायतका पुलहरुको निर्माण कार्य संचालन ।

७. सडकको सजिलै पहूँज नपुग्ने विभिन्न वस्तीहरबाट सम्भाव्यता अध्ययन गरी रोपवय र महत्वपूर्ण पर्यटकीय क्षेत्रहरुमा केबुलकार निर्माण कार्यको लागि प्रस्ताव तयार गरी विभिन्न दातृ निकायहरुलाई अनुरोध गरिनेछ।

८. हाल नगरपालिकालाई प्राप्त हुने निशर्त अनुदानबाट लक्षित वर्गको प्रत्यक्ष लाभ पुग्ने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिईने छ।

९. निर्माण कार्य सम्पन्न भएका वा निर्माणाधिन अवस्थामा रहेका योजनाहरुको गुणस्तरीयता कायम गर्ने सहभागितामूलक सघन अनुगमन प्रणाली मार्फत अनुगमन गरिनेछ।

१०. हाल यस नगरपालिकाका विभिन्न वस्तीहरुमा जनता आवस कार्यक्रमबाट निर्माण कार्य सम्पन्न हुनवाँकी रहेका वस्तीहरुमा सो कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

११ यस नगरपालिका ११ वटा वडाहरुमा गाँउ घर स्वास्थ्य किल्निक सेवा संचालन गर्नका लागि आवश्यक भौतिक पूर्वाधारहरुमा प्राथमिकता दिइने छ।

१२. नगर स्तरीय १५ शैया अस्पताल निर्माणको कार्यलाई आवश्यक पहल गरिनेछ र नगरस्तरका विरामीहरुको सहज स्वास्थ्य सेवा पहूँच पुयाउन नगर एम्वुलेन्स सेवालाई प्राथमिकता दिइनेछ।

## सामाजिक विकास तर्फ :शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सांस्कृतिक प्रवर्द्धन, लैंगिक समनता तथा सामाजिक समावेशीकरण, जनसंख्या व्यवस्थापन )

१. नगर स्तरका सम्पूर्ण सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न हाल संचालित परीक्षा प्रणली र यवस्थापकीय तथा प्रशासनिक कार्य शैलीमा सुधार ल्याउन आवश्यक स्थानीय ऐन नियम मापदण्ड र कार्यविधि वनाइनेछ।

२. यस नगर स्तरका अगुवा माध्यमिक विद्यालय फोइमहादेव, सत्यदेवी माध्यमिक विद्यालय, जुविथा शिवालय मा.वि.,चिलखया र कालीका मा.वि. छाप्रेमा माध्यमिक तह ११, १२ मा हाल संचालनमा रहेका शिक्षा, मानविकी व्यवस्थापन कृषि संकायका अतिरिक्त सम्भावन हेरी वन, कृषि, पशु चिकित्सा, ईन्जिनियरिंङ्गशिक्षा लगायत सर्भे विज्ञान जस्ता संकायविस्तार गर्न आवश्यक भौतिक पूर्वाधार निर्माणमा पहल गरिनेछ।

३. हाल संचालित महादेव मा.वि.फोइको नमूना विद्यालय अवधारणालाई अन्य अगुवा मा.विमा विस्तार गरी कालीका मा.वि. राँचुली, दुर्गा मा.वि. रताडा, कालीका मा.वि. खल्ला र नैनलदेव मा.वि. ओखरभिट्‌ामा पशु चिकित्सा विज्ञान लगायतका थप कक्षाहरु विस्तार गरिने छ।

४. नगर स्तरका सामुदायिक विद्यालयहरुको आयस्रोत र सिमित सरकारको अनुदानलाई मध्यनजर गरी हाल संचालित सामुदायिक सिकाई केन्द्र, वाल विकास केन्द्र र आधारभूत विद्यालयहरुलाई विद्यार्थीहरुको सहज उपस्थितिको प्रतिकूल नहुने गरी समायोजन तथा व्यवस्थापनको कार्यमा ध्यान दिइने छ।

५. भौतिक पूर्वाधारको अवस्था सन्तोषजनक देखिएका अगुवा मा.विहरुमा विभिन्न विश्वविद्यालयहरुबाट बहुमुखी क्यामपसको स्तर उन्नती गर्न आवश्यक नितिगत पहल गरिने छ।

६. यस नगरपालिका अन्तर्गतका स्वनस्थ्य पहूँच नपुगेका वडाहरुमा गाउँघर स्वास्थ्य सेवा सुचारु गरिनेछ।

७. यस नगरपालिकामाविकासको साझेदारीको रुपमा काम गर्ने विभिन्न दातृ निकायहरुलाई आफ्नो कार्यक्रमहरु एकद्धार प्रणाली मार्फत संचालन गर्न समन्वय गरिने छ।

८. महिला तथा वालवालिकाको क्षेत्रमा संचालन हुने कार्यक्रमहरुलाई व्यवस्थित गरी अति लक्षित वर्ग एकल महिला, फरक क्षमता भएका वालवालिका, यूवा जेष्ठ नागरिकहरुमा विस्तार गर्न प्रयास गरिने छ।

९. हाल सामाजिक विकृतीको रुपमा रहेको छुवाछुत, जातिय भेदभाव र सामाजिक वहिष्करण जस्ता व्यवहारहरुलाई न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ।

१०. समाजिक समावेशीकरण,लैंगिक समानता र समतालाई विशेष ध्यान दिइनेछ।

११. सवै वडाहरुमा वालवालिकाहरुमा आधारित कार्यकम तर्जुमा गर्न अनिवार्य व्यवस्था मिलाई वालमैत्री स्थानीय शासनको अनुभूति दिईने छ।

## आर्थिक विकास तर्फ : (कृषि,उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तिय क्षेत्र, बाह्य क्षेत्र )

१. नगरमा लोप हुन लागेका स्थानीय रैथाने वालीहरु चिनो, कागुनो फापर, भटमास, जौ, उवा, मार्से (लट्टे) र मार्सी धान जस्ता वालीहरुको संरक्षण, प्रवर्द्धन र विकासका लागि विभिन्न कार्यक्रमहरु संचालन गरीने छ ।

२. सुचना प्रविधिले ल्याएको सकारात्मक परिवर्तन र वित्तिय साक्षरतामा देखिएको सुधार तथा ग्राहकहरुको मागलाई समेत पमध्येनजर गरी वैंकिङ्ग कारोवारलाई छिटो छरितो र सुरक्षित वनाउन नगरमा वैंकिङ्ग सेवा प्रदानमा आवश्यक पहल गरिनेछ।

३. यस नगरपालिकाअर्न्तगतका विभिन्न स्थानमा रहेको कृषि योग्य जमिनको उत्पादन उपयोगिता अध्ययन गरी परम्परागत शैलीमा संचालन भईरहेका कृषि व्यवसायलाई आधुनिकरण गरी विषादी प्रयोगलाई निरुत्साहित गराइनेछ।

४. यस नगर अन्तर्गत संचालन हुने विभिन्न गरीबी निवारण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने छ।

५.	११ वटा वडामा रहेका समूह,संस्था र सहकारीहरुलाई व्यवस्थित गरी लक्षित वर्गमा सहुलियत ऋण प्रवाह गर्न निश्चित विउपूँजी परिचालन गरिनेछ ।
६.	राष्ट्र निर्माणका तीन पिलर सरकार, सहाकरी र निजि क्षेत्रको अवधारणालाई नगर स्तरमा कार्यान्वयनमा ल्याइनेछ ।
७.	हाल परम्परागत शैलीमा संचालन हुँदै आएका पशु पंक्षी पालन व्यवसायलाई आधुनिकरण गरी उन्नत खालका बोका, कुखुरा, थुमा, राँगा वितरण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
८.	कृषकहरुबाट उत्पादित दूध, ध्यू, मह, दही, फलफूल र जडीबुटी निर्यात प्रकृयामा सहजतामा ल्याउन पायक पर्ने स्थानीय हाट बजारहरुमा संकल्न केन्द्र कोल्ड स्टोर र स्टलहरु निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
९.	जनताको प्रत्यक्ष सरोकारसँग जोडिएका कृषि सडकहरुलाई बजारीकरण उन्मूख बनाउने व्यवस्थाको थालनी गरिनेछ ।
१०.	स्थानीय तरकारी फलफूल नगदे वाली लगायतका खाद्य पदार्थहरु उत्पादनलाई विशेष प्राथमिकता दिइने छ ।
११.	स्थानीय कृषकको आय आर्जनलाई ध्यान दिई साना सिंचाई जस्ता कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन विकास ( वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, विपिद् व्यवस्थापन, वारुण यन्त्र संचाल, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन,** Sanitary Land fill sites **, जल उत्पन्न प्रकोप नियन्त्रण** )

१.	यस नगरपालिकाका सम्पूर्ण वडाहरुमा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको (NCCSP)र आशा कार्यक्रमलाई कार्य क्षेत्र विस्तार गर्न अनुरोध गरिने छ ।
२.	यस नगरपालिकामा पाईने महत्वपूर्ण जडीवुटीको पहिचान सहित स्रोत सर्वेक्षण गरी वडाहरुको पायक पर्ने स्थानमा जडीवुटी प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक पहल गरीने छ ।
३.	नगरपालिकामा रहेका राष्ट्रिय तथा सामुदायिक वनहरुमा भएका वन अतिक्रमण जस्ता कार्य रोक्न नितिगत पहल गरिने छ ।
४.	यस नगरपालिकाको ११ वटा वडाहरुमा उपलब्ध प्राकृतिक स्रोत साधनहरुको संरक्षण प्रर्वद्धन आयता र निर्यात प्रकृयालाई व्यवस्थित गर्न तिलागुफा नगरपालिकाको प्रशासनिक कार्य गर्न नियमित गर्ने ऐन र स्थानीय सरकार संचालन ऐन २०७४ ले दिइएको अधिकार बमोजिम आवश्यक मापदण्ड कार्यविधि, निर्देशिका तयार गरी लागु गरिने छ ।
५.	हाल तिला नदीलगायतका सार्वजनिक नदी नालाहरुमा भईरहेको माछा संकल्न कार्यलाई व्यवस्थित गरी आन्तरिक आयश्रोत वृद्धिमा पहल गरिनेछ ।
६.	सार्वजनिक जग्गा अतिक्रमण गरि गोठ खरक लगाई खेती व्यवसाय गरिरहेका कृषकहरुलाई उक्त स्थानमा व्यवसाय संचालन गर्न निरुत्साहित गरि सो क्षेत्रमा सार्वजनिक वृक्षारोपण कार्यलाई तिव्रता दिइने छ ।
७.	हाल यस नगरपालिकाकाविभिन्न सामुदायिक वनहरुमा भईरहेको आगलागी बाढी पहिरो जस्ता दैविक प्रकोप तथा विपद्का घटनाहरुलाई न्यूनीकरण गर्न नियन्त्रण उपकरण तथा तटबन्धनका कार्यहरुलाई निरन्तरता दिइनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाह : ( सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्धट , अनुसन्धान तथा विकास अन्यत्र वर्गिकरण नभएको** )

१.	नगरपालिकाको दैनिक प्रशासनिक कार्यलाई चुस्त, दुस्त राखी कार्यालयको संस्थागत क्षमताको विकास गरी नगर कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी वनाउन नगर संगठन तथा व्यवस्थापन संरचना सर्भे (O & M Survey)गरी आवश्यक जनशक्ति पदपूर्तिका लागि आवश्यक प्रकृया अगाडी बढाइने छ ।
२.	नगर कार्यपालिकाको कार्य बोझको आधारमा मन्त्रालयले दिइएको मार्गदर्शन तथा परिपत्र बमोजिम प्राविधिक तथा विषयविशेषज्ञ परामर्श सेवालाई व्यवस्थित गरी सेवा प्रवाहलाई चुस्त, दुस्त बनाइने छ ।
३.	नगर स्थित सम्पूर्ण वडा कार्यालय, सेवा केन्द्र, ईकाई र विषयगत शाखाहरुमा सेवाग्राही मैत्री वनाउन सुशासनका सुचकाङ्का रुपमा रहेका नागरिक वडापत्र, सुझाव पेटिका राख्ने, सूचना अधिकारी र प्रवक्ता तोकी सरकारको सिंहदरबार गाउँ घर भन्ने महान अभियानलाई कार्यान्वयन गरिने छ।
४.	स्थानीय महत्वपूर्ण सन्देश सूचनाहरु व्यवस्थित गर्न कार्यालयको Webesite र नगर स्तरीय स्थानीय एफ.एम.रेडियो संचालन जस्ता कार्यलाई आवश्यक पहल गरिनेछ छ ।
५.	नगर विकास योजना, आवधिक योजना, शैक्षिक गुरुयोजना, नगर सडक गुरुयोजना, नगर क्षमता विकास योजना र नगर पार्श्व चित्र जस्ता अभिलेख निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिने छ।
६.	नगर स्थित विकास साझेदारको रुपमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरु विच सुमधुर सम्बन्ध कायम गर्न अन्तरक्रिया, गोष्ठी कार्यशालाख र समिक्षा जस्ता महत्वपूर्ण कार्यक्रमहरु संचालन गरिने छ।

**उपस्थित अतिथि महानुभावहरु**

यस नगरपालिकाको सीमितश्रोत र साधनवाट जनताका असीमित माग र वढ्दो जन आकांक्षालाई एकैपटक सम्वोधन गर्न नसकिने यथार्थतालाई आत्मसाथ गरी नगरलाई प्राप्त वजेट सिलिङ्ग र नगरको आन्तरिक श्रोत अति न्यून रहेकाले आन्तरिक श्रोत र प्राप्त हुने अनुदानको दायरालाई समेत मूल्यांकन गरी वजेट तर्जुमा गरिएको छ । स्थानीय सरकार संचालन ऐनको दफा २४ को उपदफा ३ र यस

नगर कार्यपालिकाको प्रशासनीक कार्य गर्ने ऐनको दफा ३ बमोजिमयस नगर अन्तर्गतका सम्पूर्ण वडा योजना तर्जुमा गोष्ठी, ५ वटै विषयगत समितिका बैठक, एकीकृत योजना तर्जुमा गोष्ठी र नगर कार्यपालिकामा प्रस्तावित कार्यक्रम तथा नितिहरु विश्लेषणत्मक रुपमा अध्ययन गरी यो आ.व.०७५।०७६ को लागि तपशिल बमोजिम विषयगत क्षेत्र अन्तर्गतको बजेट विनियोजिन गरी प्रस्तुत गरेको छु ।

**आदरणीय अतिथि महानुभावहरु**

अव म यस नगर कार्यपालिकाको कार्यालय तर्फको आय प्रस्तुत गर्ने अनुमति चाहन्छु । जसमाआगामी आ.व. ०७५।०७६ मा आन्तरिक आयश्रोतबाट रु १०,००,०००। (दश लाख ) , वित्तिय समानीकरण अनुदान १६,६७,८१०००। ( सोह्र करोड सठसठी लाख एकासी हजार) र सशर्त अनुदान तर्फ सडका बोर्ड, सामाजिक, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायि विकास कार्यक्रम, शिक्षा स्वास्थ्य, कृषि, पशु, ग्रामीण उर्जा र महिला वालवालिका तर्फ १८,५७,८९,०००। (अठार करोड सन्ताउन लाख उनानब्बे हजार) प्रस्ताव गरी गत आ.व. ०७४।०७५ को बजेट तुलनामा १० प्रतिशत वजेट वृद्धि अनुमान गरिएको छ ।

**आन्तरिक आय तर्फ :**

| सि.नं. | आय शिर्षक | आय अनुमान वजेट |
|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान | १६७७८१००० |
| २ | शशर्त | १८५७८९००० |
| | जम्मा | ३५३५७०००० |

**श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु तथा अन्य अतिथिज्यूहरु**

**अन्त्यमा,**

हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी आफ्नो व्यस्त समयका वावजुद पनि यस गरीमामय सभामा प्रमुख अतिथि, विशेष अतिथि र अतिथिकोरुपमा उपस्थित भई आम तिलागुफा नगरवासलाई उत्साह वढाईदिनु भएकोमा हार्दिक आभार प्रकट गर्दछु । साथै यस वजेटको सफल कार्यान्वयवाट यस नगरको दीगो र समावेशी विकासमा सघाउ पुग्ने, आर्थिक सम्वृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने विश्वास लिएको छु । साथैचालु आ.व.को वजेटको कार्यान्वयन र आगामी आ.व.को वजेट तर्जुमामा सहयोग पुऱ्याउनु हुने सार्वजनिक व्यक्तित्व, राजनैतिकदलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नगर कार्यपालिकाका सदस्य ज्यूहरु, नगर सभाका सदस्य ज्यूहरु सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधि ज्यू, वडा कार्यालयका कर्मचारी ज्यू, , नागरिक समाज, गैसस, निजीक्षेत्र, दातृ निकाय, संचारकर्मी मित्रहरु र नगर कार्यपालिकाको कार्यलयका परिवारहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमामा जस्तै सफल कार्यान्वयनमा समेत यहाँहरु सवैको रचनात्मक सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद !

असार १०, २०७५

**दन्ता नेपाली**
**नगर उप प्रमुख**
**तिलागुफा नगरपालिका**